# काठमाडौं महानगरपालिका
[illegible]
# नगर कार्यपालिकाको कार्यालय
## काठमाडौं प्लाजा
## बाग्मती प्रदेश, नेपाल
राजस्व विभाग

पत्र संख्या: ०८०/०८१
चलानी नं. १२८

मिति : २०८०/०६/२३

श्री सबै सचिवज्यू
काठमाडौं महानगरपालिका

**बिषय : भवन/नक्सा पास नभएका संरचनाको सम्पत्तिकर निर्धारण बारे ।**

प्रस्तुत बिषयमा काठमाडौं महानगरपालिका राजश्व ऐन,२०७५ को दफा (६) को उपदफा(४) मा **काठमाडौं महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिको आफ्नै स्वामित्वमा रहेको जग्गामा नक्सा पास गरि वा नगरी चौघरा हाली निर्माण भएको स्थायी वा अस्थायी घर, टहरा, छप्पर, सेड जस्ता संरचना समेतलाई सम्पत्ति कर प्रयोजनकालागी घर मानी मुल्यांकन गरी कर निर्धारण गरिनेछ** भन्ने व्यवस्था रहेको छ। त्यस्तै काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०८० को दफा(२) को उपदफा(५) मा करदाताहरुको सम्पत्ति थप भएमा वा भवन निर्माण सम्पन्नताको प्रमाणपत्र जारी हुँदा जग्गा वा क्षेत्रफलको थप हुन गएमा देखिएमा थप भएको क्षेत्रफलको कर निर्धारण हुँदा आउने रकममा मात्र जरिवाना सहित कर असुल गरिनेछ । यसरी थप भएको क्षेत्रफलको **भवन नक्सा स्वीकृत नभएको(अभिलेखिकरणका हकमा) भए सो भवनको वडा कार्यालयको इन्जिनियरले दिएको प्रतिवेदनका आधारमा भवन निर्माण इजाजत जारी भएको दुई बर्ष पछिबाट हिसाब गरी कर निर्धारण गरिनेछ** भन्ने व्यवस्था भएको ।

अभिलेखिकरण प्रयोजनका लागी घर/भवनको नक्सा स्वीकृत हुन आएमा e-Gps प्रणालीमा त्यस्ता नक्सा तथा डिजाईन दर्ता गर्नु पूर्व कर दाखिला गर्नुपर्ने अनिवार्य व्यवस्था भएको । अभिलेखिकरण माग गर्ने सेवाग्राहीको जग्गामा भवन जन्य संरचना पहिला देखिनै हुने भएकाले मालपोत वा भूमिकर मात्र लिएर नक्सा दर्ता नहुने र गर्न नपाईने हुँदा वडा कार्यालयका इन्जिनियर द्वारा स्थलगत नाप जाँच गरी प्राप्त प्राविधिक प्रतिवेदनका आधारमा प्राप्त क्षेत्रफललाई आधार लिई सम्पत्ति कर निर्धारण गरी कर दाखिला भए पश्चात मात्र घर/भवन नक्सा उक्त प्रणालीमा प्रविष्टि गर्नुपर्ने हुन्छ ।

अत : भवन नक्सा स्वीकृति नभएका घर/भवनहरुको स्थलगत नापजाँच वडा कार्यालयका इन्जिनियरद्धारा गरी/गराई प्राप्त प्रविधिक प्रतिवेदनका आधारमा सम्पत्ति कर निर्धारण गर्नु हुन साथै भवन नक्सा स्वीकृति भएका हकमा भवन निर्माण सम्पन्नताको प्रमाणपत्रमा उल्लेखित क्षेत्रफल तथा सोहि भवन थपघट भएमा प्रविधिक प्रतिवेदनका आधारमा सम्पत्ति कर निर्धारण गर्नु/गराउनुहुन र उपरोक्त व्यवस्था विपरित भए /गरे काठमाडौं महानगरपालिका आर्थिक ऐन,२०८० को दफा(२२) को उपदफा(१) बमोजिम हुने व्यहोरा समेत जानकारीका लागी अनुरोध छ ।

ध्रुब कुमार काफ्ले
निर्देशक

बोधार्थ :
श्रीमान् प्रमुखज्यू ,काठमाडौं महानगरपालिका
श्रीमान् उप प्रमुखज्यू, काठमाडौं महानगरपालिका
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू , काठमाडौं महानगरपालिका